# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक









राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०२ | मंगलवार, २२ वैशाख, २०८३ | Tuesday, 5 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## मौसमी बसाइँसराइः भेडाको पाटन यात्रा शुरू



काँक्रेविहार संवाददाता
मुगु, २१ वैशाख

गर्मी बढ्दै जाँदा हिमाली जिल्लाहरूमा परम्परागत रूपमा गरिँदै आएको मौसमी बसाइँसराइ सुरु भएको छ। तल्लो बस्तीमा तापक्रम बढ्न थालेपछि भेडापालक किसानहरू आफ्ना भेडा-च्याङ्ग्रासहित उच्च हिमाली पाटनतर्फ उक्लिन थालेका छन्।

छायाँनाथ रारा नगरपालिका-६, कोटिल्नाका रतन शाही र बाँच्या ऐडी पनि आफ्ना भेडासहित पाटन उक्लिएका छन्। "तल्लो भेगमा गर्मी बढ्यो, घाँस पनि छैन, त्यसैले भेडा लिएर पाटन उक्लिनुपर्‍यो," भन्छन् रतन शाही। त्यस्तै, बाँच्या ऐडीले पनि पाटनमा पशु चराउँदा सहज हुने बताउँछन्। "पाटनमा हरियो घाँस पलाउन थाल्यो, पानी पनि प्रशस्त पाईन्छ , भेडाको स्वास्थ्य राम्रो हुन्छ," उनले भने ।स्थानीय किसानका अनुसार गर्मीको समयमा तल्लो भेगमा पानी र घाँसको अभाव हुने तथा रोगको जोखिम बढ्ने भएकाले पाटनतर्फ लैजानु आवश्यक हुन्छ। पाटन क्षेत्रमा भने चिसो हावापानी र पर्याप्त चरन क्षेत्रका कारण पशुपालनका लागि उपयुक्त वातावरण रहने गर्दछ। मुगु जिल्लाका उच्च हिमाली पाटन क्षेत्र कालामुल, ढुङ्गेथला, लखु, गाईरिटाउनी मालिकी, थाच्चा, लगायत दर्जनौ हिमाली पाटन भेडा पालक कृषकको लागि उपयुक्त गन्तव मानिन्छ। हरेक वर्ष वैशाख-जेठ लागेसँगै किसान पाटन उक्लिन्छन् र असार-साउन महिना देखि असोज सम्म त्यहीँ बसोबास गरी पशु चराउने गर्छन्। मौसम चिसिँदै जाँदा पुनः तल्लो बस्ती फर्किने चलन छ। यस्तो मौसमी बसाइँसराइ कर्णाली क्षेत्रको पुरानो परम्परा हो। तर पछिल्लो समय चरन क्षेत्र घट्दै जानु, वन नियम कडाइ र जलवायु परिवर्तनका कारण यो पेशा चुनौतीपूर्ण बन्दै गएको किसानहरू बताउँछन्। यद्यपि, पाटनमा पुगेका भेडा-च्याङ्ग्राको दृश्यले हिमाली जीवनशैली र परम्परालाई अझै जीवन्त बनाइरहेको छ।

# १८ वटै विश्वविद्यालयको सिनेटबाट हटाइए प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठन

काँक्रेविहार संवाददाता
सुर्खेत, २१ वैशाख

देशभर सञ्चालित १८ वटै विश्वविद्यालयको सर्वोच्च निकाय विश्वविद्यालय सभा (सिनेट) बाट प्राध्यापक संघ, कर्मचारी संघ र विद्यार्थी संगठन हटाइएको छ।

सरकारले ल्याएको विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेशमार्फत यस्तो व्यवस्था गरिएको हो। विश्वविद्यालयको सिनेटबाट प्राध्यापक संघ, कर्मचारी संघ र विद्यार्थी संगठनको प्रत्यक्ष प्रतिनिधित्व हटाइएपछि उच्च शिक्षामा नीतिगत बहस तीव्र बनेको छ।

यसअघि विश्वविद्यालय सभामा प्राध्यापक (शिक्षक) संघ, कर्मचारी संघ तथा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) का निर्वाचित प्रतिनिधिहरू पदेन रूपमा सहभागी हुने व्यवस्था थियो। तर नयाँ प्रावधानले संस्थागत प्रतिनिधित्व हटाउँदै व्यक्तिगत छनोटको व्यवस्था लागू गरेको छ। अब प्राध्यापक र कर्मचारी प्रतिनिधि सम्बन्धित समूहभित्रैबाट छानिने भए पनि उनीहरूलाई छनोट गर्ने अधिकार कुलपतिमा केन्द्रित गरिएको छ।

विद्यार्थीको हकमा पनि स्ववियू सभापतिमध्येबाट प्रतिनिधित्व हुने पुरानो अभ्यास अन्त्य गर्दै आम विद्यार्थीमध्येबाट एक जना चयन गरिने व्यवस्था गरिएको छ। सरकारका अनुसार यो निर्णयले विश्वविद्यालय प्रशासनलाई 'राजनीतिक हस्तक्षेपबाट मुक्त' बनाउँदै निर्णय प्रक्रिया छरितो र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। शिक्षा मन्त्रालयका अधिकारीहरू भन्छन्, 'संघ-संगठनमार्फत आउने दबाब र स्वार्थ समूहको प्रभाव घटेपछि नीति निर्माणमा दीर्घकालीन सोच लागू गर्न सहज हुन्छ।'

नयाँ व्यवस्थाले विश्वविद्यालय सभामा पेशागत दक्षता र व्यक्तिगत योग्यतालाई प्राथमिकता दिने वातावरण सिर्जना हुने सरकारको दाबी छ। यसले आन्तरिक विवाद र आन्दोलनको प्रभाव घटाई शैक्षिक क्यालेन्डर नियमित राख्न मद्दत पुग्ने विश्वास पनि व्यक्त गरिएको छ।

तर सरोकारवाला पक्षहरूले भने यसलाई प्रतिनिधित्व संकुचनको रूपमा लिएका छन्। प्राध्यापक, कर्मचारी तथा विद्यार्थी संगठनहरूले लोकतान्त्रिक सहभागिता कमजोर हुने र निर्णय प्रक्रिया केन्द्रीकृत हुने चिन्ता व्यक्त गरेका छन्। उनीहरूको तर्क छ, प्रत्यक्ष निर्वाचित प्रतिनिधि हटाउँदा विश्वविद्यालयभित्रको आवाज सुनिने औपचारिक माध्यम कमजोर हुन सक्छ।

शिक्षाविद्हरूका अनुसार यस निर्णयले प्रशासनिक कार्यसम्पादनमा केही सुधार ल्याउने सम्भावना भए पनि पारदर्शिता र उत्तरदायित्व कायम राख्न स्पष्ट मापदण्ड आवश्यक पर्नेछ। तर छनोट प्रक्रियामा निष्पक्षता र समावेशिता सुनिश्चित गर्न नसकिए यसले नयाँ विवाद जन्माउन सक्ने शिक्षाविद्हरुको  भनाइ छ।

तर नयाँ व्यवस्था लागू भएसँगै विश्वविद्यालयहरूको शासन प्रणालीमा के कस्ता व्यावहारिक परिवर्तन देखिन्छन् भन्ने विषय अबको कार्यान्वयन चरणमा निर्भर रहनेछ।

नेतृत्वको योग्यतामा संशोधन

अध्यादेशले विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष (रेक्टर) र कुलसचिव (रजिष्ट्रार) नियुक्तिको लागि योग्यता निर्धारण समेत गरेको छ।

त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल, पोखरा विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, राजर्षी जनक विश्वविद्यालय जस्ता बहुविषयगत विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष हुन कुनै पनि विषयमा विद्यावारिधि उपाधि हासिल गरी अध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको हुनुपर्नेछ।

यद्यपि यसअघि पनि योग्यताको हिसाबले कमजोर व्यक्ति उपकुलपति भएका भने थिएनन्। यसबाहेक नेपाल संस्कृत विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय लगायत विशिष्टीकृत विश्वविद्यालयमा सम्बन्धित क्षेत्रमै विद्यावारिधि उपाधि हासिल हुनुपर्ने व्यवस्था गरिएको छ।

उदाहरणका लागि नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति तथा शिक्षाध्यक्ष बन्न अब संस्कृत भाषा वा साहित्यमा विद्यावारिधि गरेको हुनुपर्नेछ। त्यस्तै लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति र शिक्षाध्यक्ष बन्न बौद्ध दर्शनमा विद्यावारिधि अनिवार्य गरिएको छ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपतिका लागि कृषि, भेटेनरी तथा वन विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरेको हुनुपर्नेछ।

पछिल्लो समय खुलेका नयाँ विश्वविद्यालयहरूमा भने उपकुलपतिको योग्यता यसअघि नै निर्धारण गरिएको हुनाले ती विश्वविद्यालयमा यसलाई यथावत् नै राखिएको छ। त्यस्तै रजिष्ट्रार वा कुल सचिव हुनको लागि पनि बहुविषयगत विश्वविद्यालयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा १० वर्षको अनुभव हुनुपर्ने व्यवस्था गरिएको छ।




### अध्यादेशबारे तीन वटै संगठनको विरोध

विश्वविद्यालय सभाबाट प्राध्यापक संघ, शिक्षक संघ र विद्यार्थी संघको प्रतिनिधित्व हटाउने विषयमा तीन वटै संगठनले विरोध गरेका छन्। देशकै सबैभन्दा ठुलो र धेरै विद्यार्थी भएको त्रिभुवन विश्वविद्यालयको प्राध्यापक सङ्घका अध्यक्ष बसन्त ढकाल अध्यादेशमार्फत गरिएको यो कदम सरकारको तानाशाही यात्राको सुरुवात भएको बताउँछन्। 'यो सरकार तानाशाहतर्फ उन्मुख छ,' उनी भन्छन्।

त्यस्तै त्रिविकै कर्मचारी सङ्घका अध्यक्ष छत्रबहादुर कार्की पनि यो व्यवस्था सङ्गठन गर्न पाउने हक र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको हकविपरित भएको बताउँछन् । अबको सभामा प्रतिनिधित्व हुने कर्मचारी सरकार वा उपकुलपतिको तजबिजिमा छनोट हुने भएकोले यसले कर्मचारीको भावनालाई प्रतिनिधित्व नगर्ने उनको भनाइ छ।

'अहिलेसम्म त्रिविसभामा हाम्रो प्रतिनिधित्व भए पनि कार्यकारी परिषद्मा थिएन। हामीले त रजिष्ट्रार नै कर्मचारीको तर्फबाट हुनुपर्छ भनेका थियौँ, त्यो नहुनु दुःखद हो' उनी भन्छन्। त्रिवि सभा सदस्य रहेर अध्यादेशकै कारण पदमुक्त भएका स्वतन्त्र विद्यार्थी युनियन केन्द्रीय क्याम्पसका सभापति दीपकराज जोशी यो कदमले विश्वविद्यालयमा सरकारी छायाँ बन्ने बताउँछन्। उनले यसले विश्वविद्यालयमा प्राज्ञिक शून्यताको अवस्था सिर्जना गर्ने उनको दाबी छ।

### उपकुलपति छनोट समितिको योग्यता तोकियो

अध्यादेश जारी हुनुअघि उपकुलपति नियुक्तिका लागि कुलपतिको रूपमा रहेका प्रधानमन्त्रीले विश्वविद्यालय सभाका सदस्य मध्येबाट तीन जनाको समिति बनाउने र उक्त समितिले सिफारिस गरेको व्यक्तिलाई उपकुलपति नियुक्त गर्ने व्यवस्था रहेको थियो।  यसो हुँदा जस्तोसुकै व्यक्ति पनि समितिमा आउन सक्ने सम्भावना थियो। यसले कमजोर व्यक्तिलाई बन्न सक्ने सम्भावना थियो। अब भने एनमै उपकुलपतिको योग्यता तोकिएको छ। नयाँ व्यवस्थाअनुसार उपकुलपति नियुक्त गर्ने सिफारिस समितिको संयोजक नै उपकुलपति बन्ने योग्यता भएको व्यक्ति हुनुपर्नेछ।

त्यस्तै समितिका अन्य सदस्यहरूमा पूर्व उपकुलपति, पूर्वशिक्षाध्यक्ष र पूर्वकुलसचिवमध्ये एक भइसकेका व्यक्ति हुनुपर्नेछ भने अर्को एक सदस्य शैक्षिक व्यवस्थापनमा १० वर्षको अनुभव हासिल गरेको व्यक्ति हुनुपर्ने व्यवस्था गरिएको छ।

# संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फेरि जस्ताको तस्तै राष्ट्रपतिकहाँ

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ वैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले पुनर्विचार गर्न भन्दै आइतबार फिर्ता पठाएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सरकारले जस्ताको तस्तै फेरि शीतल निवासमा पठाइदिएको छ। सरकारका प्रवक्ता एवम् शिक्षामन्त्री सस्मित पोखरेलले आइतबार फिर्ता आएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पुनः राष्ट्रपतिकहाँ पठाउने मन्त्रिपरिषद्ले निर्णय गरेको बताएका छन्।



साता लामो कानुनी परामर्शपछि राष्ट्रपति पौडेलले अन्य अध्यादेश पार गरे पनि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सरकारलाई नै फिर्ता गरिदिएका थिए।

संसद्को बर्खे अधिवेशन बोलाएर पनि स्थगित गरेको सरकारले अध्यादेशमार्फत् शासन थालेको थियो। निर्वाचित भएको केही महिनामै संसद् छलेर सिफारिस भएकामध्ये संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता भएको थियो।

यदि यो अध्यादेश राष्ट्रपतिबाट जारी भएमा प्रधानमन्त्री र उनको दल राष्ट्रिय स्वतन्त्र पार्टीलाई आफूअनुकूल निर्णय गराउन सहज हुने थियो। एक पटक राष्ट्रपतिबाट फिर्ता भएको अध्यादेश फेरि सरकारले पठाएपछि अब जारी गर्न नैतिक दबाव पर्नेछ।

संवैधानिक परिषद्का अध्यक्षसहित तीन जनाले निर्णय गर्नेसक्ने प्रावधान समेटेर यो अध्यादेश शीतल निवास पठाइएको थियो।

यो अध्यादेश अघि बढ्दा रिक्त संवैधानिक निकायका नियुक्ति प्रक्रियामा प्रधानमन्त्री शाह र रास्वपालाई थप लाभ मिल्ने थियो। तर अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले पठाएको यस्तै अध्यादेशलाई असंवैधानिक ठहर गरेका राष्ट्रपति पौडेललाई अहिले पनि त्यही कुरा दोहोर्‍याएका थिए।

गत १४ वैशाखमा बसेको शाह नेतृत्वको मन्त्रिपरिषद्को बैठकले संवैधानिक परिषद्सम्बन्धी अध्यादेशसहितका केही अध्यादेश राष्ट्रपति कार्यालयका लागि सिफारिस गरेको थियो। जसमध्ये एउटाबाहेक सबै राष्ट्रपतिले जारी गरिसकेका छन्।

# कर्णालीका १० युवालाई कर्णाली युथ अवार्ड प्रदान

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २१ वैशाख

कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णाली गरिब र अशिक्षित छ भन्ने पुरानो मानसिकता त्यागेर समृद्धिको नयाँ बाटोमा लाग्न युवाहरूलाई आह्वान गरेका छन्।

शनिबारदेखि वीरेन्द्रनगरमा आयोजित कर्णाली युवा महोत्सवको समापन समारोहलाई सम्बोधन गर्दै उनले कर्णाली सम्भावनाले भरिपूर्ण रहेको र ती सम्भावनालाई उजागर गर्ने जिम्मा युवाहरूको भएको बताए। प्रदेश प्रमुख जोशीले कर्णालीको हीनताबोध त्याग्नुपर्नेमा जोड दिँदै भने, "कर्णाली गरिब छ, अशिक्षित छ भन्ने मनोवृत्तिबाट हामी टाढा रहनुपर्छ। कर्णाली समृद्ध छ र यहाँ उज्ज्वल भविष्य छ भन्ने सोचका साथ अगाडि बढ्नु अहिलेको आवश्यकता हो।'

उनले यो युग युवाहरूको भएको उल्लेख गर्दै अहिलेको परिस्थितिमा निराश नभई उत्साहित भएर काम गर्न युवाहरूलाई प्रेरणा दिए।




सम्बोधनका क्रममा प्रदेश प्रमुख जोशीले कर्णालीको समृद्धिको मुख्य आधार नै कृषि भएको बताए। युवाहरू रोजगारीका लागि भारत र अन्य देशमा जानुपर्ने बाध्यताको अन्त्य गर्न कृषि क्षेत्रमा क्रान्ति ल्याउनुपर्ने उनको तर्क थियो।

'कर्णालीमा सबैभन्दा पहिले कृषिमा जोड दिनुपर्छ, जसले यहाँका युवाहरूलाई आफ्नै माटोमा स्वरोजगार बनाउँछ,' उनले भने, 'हाम्रा युवाहरू यहाँका सम्भावना छाडेर मुग्लान पस्नुपर्ने अवस्था दुःखद छ। सरकारले कृषिमा युवाहरूलाई लाग्न प्रेरित गर्ने ठोस कार्यक्रम ल्याउनुपर्छ।'

कृषि क्षेत्रमा युवालाई आकर्षित गर्न धेरै ठूलो लगानी भन्दा पनि सही नीति र समन्वय आवश्यक रहेको जोशीको भनाइ थियो। प्रदेश र स्थानीय सरकारले संयुक्त प्रयास गरेमा कर्णालीलाई समृद्ध बनाउन र युवाहरूलाई रोजगारी दिन असम्भव नरहेको उनले दावी गरे।

'कृषितर्फ युवाहरूलाई उन्मुख गराउन ठूलो लगानी लाग्दैन,' उनले थपे, 'यसका लागि संघीय, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारबीच नियमित र प्रभावकारी समन्वय हुनु आवश्यक छ।' गत शनिबारदेखि सुरु भएको कर्णाली युवा महोत्सवमा प्रदेशभरका युवाहरूको सहभागिता थियो। उत्सवमा विकास, नेतृत्व र उद्यमशीलताका विषयमा गहन छलफल भएका थिए।

महोत्सवको अवसरमा कर्णालीलाई कर्मथलो बनाएर सामाजिक रुपान्तरणका क्षेत्रमा काम गरेका १० जना युवालाई कर्णाली युथ आइकन अवार्डबाट सम्मान गरिएको छ। सोमबार महोत्सव समापन समारोहमा प्रदेश प्रमुख जोशीले कर्णालीको स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याएवापत नेत्र रोग विशेषत्र डाक्टर आकांक्षा रानालाई युथ आइकन अवार्ड प्रदान गरे।

यस्तै, पत्रकारिताको तर्फबाट चाँदनी कठायत, गीत संगिततर्फ इब्सल सन्ज्याल, शिव संगित, युवा व्यवसायीतर्फ मनिषजंग शाही, युवा उद्यमीतर्फ प्रमिला बुढा, सामाजिक क्षेत्र हिक्मत वादी, समाजसेवीका रुपमा हरि कँडेल, चलचित्रतर्फ केशव थापा, युवा उत्प्रेरक आदर्शविक्रम सिंहले युथ अवार्ड प्राप्त गरेका छन्। उनीहरुलाई प्रदेश प्रमुख जोशीले अवार्ड प्रदान गरेका थिए।

सम्पादकीय

# बजेट र राजस्व संरचनागत कमजोरीको प्रतिविम्ब

बजेट खर्च र राजस्व संकलन दुबैमा कर्णाली सरकार कमजोर देखिएको छ । प्रदेश सरकारको चालू आर्थिक वर्ष २०८२/०८३ को नौ महिनासम्मको प्रगति हेर्दा एउटा असहज तर यथार्थता प्रकट हुन्छ । कूल करिब ३३ अर्बको बजेटमध्ये चैत मसान्तसम्म झन्डै २४ प्रतिशत मात्र खर्च हुनु र विकासतर्फको खर्च त झनै १७ प्रतिशतमै सीमित रहनु प्रदेशको विकास यात्रामा गम्भीर प्रश्नचिन्ह खडा गरेको छ । आर्थिक वर्ष सकिन तीन महिना मात्र बाँकी रहँदा अझै अधिकांश बजेट खर्च हुन बाँकी रहनु व्यवस्थापनगत असक्षमता हो । विकास निर्माणका नाममा विनियोजित पुँजीगत बजेट खर्च हुन नसक्नु कर्णालीका लागि नयाँ समस्या होइन, तर यसको निरन्तरता चिन्ताजनक अवश्य हो । पूर्वाधार, सडक, खानेपानी, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रका योजनाहरू कार्यान्वयनमा ढिलाइ हुनु, योजना छनोटमै समय खेर जानु, ठेक्का प्रक्रिया जटिल हुनु र प्रशासनिक कमजोरीहरू दोहोरिनु समस्या जडित भएको स्पष्ट संकेत हो । यसले विकासका प्रतिफल जनतासम्म पुग्न ढिलाइ मात्र होइन, समग्र आर्थिक गतिविधिलाई नै सुस्त बनाउने खतरा पैदा गरेको छ ।

सरकारले चालू आर्थिक वर्षका लागि ९६ करोड ७४ लाख ११ हजार रूपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको भए पनि नौ महिनामा जम्मा ४८ करोड तीन लाख ९५ हजार ८६२ रूपैयाँ ५८ पैसा मात्रै संकलन भएको छ । यो लक्ष्यको झण्डै आधा मात्र हो । राजस्व संकलन कमजोर हुनुमा आर्थिक गतिविधि अपेक्षाअनुसार नबढ्नु, कर प्रशासन प्रभावकारी नहुनु तथा करको दायरा विस्तारमा ढिलाइ हुनु प्रमुख कारण रहेको विश्लेषण गरिएको छ । आर्थिक वर्षको अन्त्य नजिकिँदै जाँदा बाँकी बजेट हतारमा खर्च गर्ने प्रवृत्तिले गुणस्तरमा असर पर्ने जोखिम समेत देखिएको हो । यता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अवस्था हेर्दा समस्या अझ प्रष्ट देखिन्छ । दुई अर्बभन्दा बढी बजेटमध्ये करिब १७ प्रतिशत मात्र खर्च हुनु र राजस्व संकलन पनि न्यून रहनु मन्त्रालयको कार्यसम्पादन क्षमतामाथि प्रश्न उठाउने आधार हो । विगत वर्षको तुलनामा पनि कमजोर प्रगति हुनु सुधारभन्दा उल्टो दिशामा गइरहेको संकेत हो । तर समस्या देखाउनु मात्र पर्याप्त हुँदैन, समाधानको मार्ग पहिचान गर्नु अझ महत्वपूर्ण हुन्छ । मन्त्रालयले अघि सारेका संरचनागत सुधारका प्रस्तावहरू निर्माण कार्यमा दक्ष जनशक्ति अभाव समाधान, प्राङ्गारिक मलमा अनुदान प्रणालीको पुनर्संरचना, सीमावर्ती क्षेत्रमा क्यारेन्टाइन सेवा विस्तार, तथा संगठनात्मक पुनरावलोकन सही दिशातर्फका संकेत हुन् । तर यी प्रस्तावहरू कार्यान्वयनमा जान नसकेसम्म कागजमै सीमित रहने खतरा रहिरहन्छ ।

राजस्व संकलनतर्फको अवस्था पनि उत्साहजनक छैन । लक्ष्यको आधामात्र राजस्व उठ्नुले प्रदेशको वित्तीय आत्मनिर्भरता अझै कमजोर रहेको देखाउँछ । आर्थिक गतिविधि अपेक्षाअनुसार नबढ्नु, कर प्रशासनको प्रभावकारिता अभाव र करको दायरा विस्तारमा ढिलाइ हुनु यसका प्रमुख कारण हुन् । यस्तो अवस्थामा अन्तिम समयमा हतारमा बजेट खर्च गर्ने प्रवृत्तिले गुणस्तरमा असर पार्ने र दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पार्ने जोखिम झन् बढ्छ । अब कर्णालीलाई तात्कालिन सुधारभन्दा पनि दीर्घकालीन संरचनागत परिवर्तन आवश्यक छ । योजना निर्माणदेखि कार्यान्वयनसम्मको सम्पूर्ण चक्रलाई व्यवस्थित बनाउने, प्रशासनिक प्रक्रियालाई सरल र पारदर्शी बनाउने, र उत्तरदायित्व सुनिश्चित गर्ने प्रणाली विकास गर्नु अपरिहार्य छ । साथै राजस्व संकलनका नयाँ स्रोत पहिचान गर्दै आर्थिक गतिविधि विस्तार गर्ने दीर्घकालीन रणनीति अपनाउनु आवश्यक देखिन्छ । किनकी बजेट खर्च बढाउनु मात्र लक्ष्य हुनु हुँदैन, खर्चको गुणस्तर र प्रभावकारिता पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कर्णालीले विगतका कमजोरीबाट पाठ सिक्दै समयमै सुधारको बाटो नअपनाए, विकासका सपना कागजमै सीमित रहने जोखिम अझ गहिरिँदै जानेछ । त्यसैले समयमै बजेट कार्यान्वयन र राजस्व संकलनमा जोड दिदै दीर्घकालीन संरचनागत परिवर्तनमा लागौं ।

# सुकुमवासी बस्ती, विरोधाभासी बालेन र मृतप्रायः समाज



✍ किरण दाहाल

*सुकुमवासीमाथि राज्यले गरेको निर्मम व्यवहारविरुद्ध राजनीतिक दलहरू र आम सर्वसाधारणले जुन मौनता साँधेका छन्, त्यो हाम्रो बामे सर्दै गरेको लोकतन्त्रका लागि ठूलो चिन्ताको विषय हो ।*

प्रधानमन्त्री बालेन्द्र शाह (सबैका बालेन र परिवारका बालकृष्ण) एक बहुआयामिक र अहिलेसम्म रहस्यमयी पात्र हुन् । छोटो समयमै र्‍यापर, स्ट्रक्चरल इन्जिनियर, गरिबको पक्षमा बोलिदिने बुलन्द आवाज (गरिबको चमेली गीतमार्फत), राजधानीको मेयर, तत्कालीन सत्ता (केपी, प्रचण्ड र शेरबहादुर देउवाको महागठबन्धन) हल्लाउने शक्तिशाली प्रतिपक्ष, सिंहदरबार जलाउने योजनाका परिकल्पनाकार, जेन-जी विद्रोहको प्रखर प्रवक्ता, नेपाली सेनाका प्रियपात्र, मधेशको छोरा, लोकप्रिय नेता, शक्तिशाली प्रधानमन्त्री हुँदै बुद्धका श्रेष्ठ प्रवक्तासम्म हुन भ्याइसकेका छन् ।

बुद्ध जयन्तीको सुअवसरमा उनले 'दुःख छ, दुःखको कारण छ, दुःखको निवारण छ र दुःख निवारण गर्ने मार्ग छ' भन्दै हाम्रो यात्रा ज्ञानको उज्यालोको खोजमा हुनुपर्ने, नेपाल भूमि सदैव अहिंसा र शान्तिको पक्षमा रहने, साँचो क्रान्ति 'ज्ञ' अर्थात् ज्ञानबाट सुरु हुने र 'अप्प दीपो भवः' (आफ्नो प्रकाश आफैं बन) भन्दै सम्पूर्णमा बुद्ध जयन्तीको प्रज्ञामय शुभकामना दिएका छन् । तर, ठीक यही बेला अतिक्रमणकारी र सुकुमवासी छुट्याउने भन्दै काठमाडौँका सुकुमवासी बस्तीमा डोजर क्रान्ति (जनमानसको भाषामा चाहिँ राज्य आतंक) उत्कर्षमा छ । एकातिर कुनै स्थापित विधि र प्रक्रिया नपुर्‍याई राज्यशक्तिको निर्मम प्रयोग गर्दै हठात् र अमानवीय ढङ्गले सुकुमवासी बस्तीमा डोजर आतंक मच्चाउँदै हिँड्ने अनि अर्कोतिर बुद्धको ज्ञान छाँट्ने विरोधाभासी बालेन चरित्रले गम्भीर प्रश्नहरू खडा गरेका छन् । बालेनलाई बुद्धसँगै तुलना गरी हेरौँ न त । कहाँ ज्ञानको खोजमा सत्ता त्यागेर हिँड्ने बुद्ध अनि कहाँ हिजो मेयर र आज प्रधानमन्त्री हुँदा शक्तिको निर्मम प्रयोगमा उत्रिएर अहिंसा र शान्तिको ज्ञान बाँड्ने बालेन । कहाँ बुद्धत्व पाएपछि धनी, गरिब, दलित, व्यापारी, राजा सबैको घरदैलो चहार्दै ४५ वर्षसम्म ज्ञानको संवाद गर्ने बुद्ध अनि कहाँ सत्तारोहणपछि जनतासँग संवाद नै नगर्ने बालेन । कहाँ बोली र व्यवहारमा एउटै लय कायम गर्ने बुद्ध अनि कहाँ बोली र व्यवहारबीच ठूलो विरोधाभासले भरिएका बालेन । तर सत्तालाई नै सत्य मान्ने समाजमा बालेन नै बुद्धका प्रखर प्रवक्ता भएर निस्किए । यही पृष्ठभूमिबीच शहरी गरिबी, विरोधाभासी बालेन चरित्र र मृतप्रायः नेपाली समाजबारे यस लेखमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ । शहरी गरिबी र सुकुमवासी बस्ती

नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो र चौथोअनुसार सन् २०१०-११ मा १५.४६ प्रतिशत रहेको सहरी गरिबी सन् २०२२-२३ मा बढेर १८.३४ प्रतिशत पुगेको छ । बढ्दो आन्तरिक बसाइँसराइ, बढ्दो महँगी, बढ्दो सहरी बेरोजगारी, कमजोर अर्थतन्त्र र अव्यवस्थित शहरीकरणले गर्दा देशमा सहरी गरिबी बढ्दै गइरहेको छ । यही बढ्दो गरिबीको सहउत्पादन (बाइप्रोडक्ट)का रूपमा शहरका नदी किनार र सार्वजनिक जग्गाहरूमा सुकुमवासी बस्तीहरू विस्तार भएका छन् । त्यस्तै, भोटको राजनीतिले पनि सुकुमवासी बस्तीको विस्तारमा मलजल पुर्‍याएको यथार्थ हो ।

सुकुमवासी बस्ती स्थानीय वा राष्ट्रिय मात्र नभएर विश्वव्यापी परिपरिघटना हो । भारतको मुम्बईदेखि पाकिस्तानको कराँचीसम्म, केन्याको नैरोबीदेखि इजिप्टको कायरोसम्म र दक्षिण अफ्रिकाको केपटाउनदेखि ब्राजिलको रियो दि जेनेरियोसम्म ठूल्ठूला सुकुमवासी बस्तीहरू छन् । सामान्यतया विकासशील देशहरूका मुख्य शहरमै सुकुमवासी बस्तीको समस्या बढी देखिएको छ । शहरहरू विकास हुने क्रममा विविध आर्थिक, सामाजिक, जनसांख्यिक र राजनीतिक कारणहरूले गर्दा सुकुमवासी बस्तीहरू अस्तित्वमा आउँदछन् ।

सुकुमवासी बस्तीहरू अनौपचारिक (अवैधानिक) बस्ती भए पनि जटिल शहरी संरचनाका यथार्थ हुन् । शहरलाई चाहिने सस्तो श्रम उपलब्ध गराएर यिनीहरूले शहरी अर्थतन्त्रलाई चलायमान र जीवन्त राखिरहेका हुन्छन् । प्रायः सुकुमवासी बस्तीहरू नदी किनार, प्राकृतिक प्रकोप र अन्य हिसाबले जोखिमयुक्त ठाउँमा हुने गर्दछन् । केही अपवाद छाड्ने हो भने अक्सर मान्छे रहरले भन्दा बाध्यताले यस्ता बस्तीमा पुग्ने हो; गरिबी र बेरोजगारीले तिनलाई सुकुमवासी बस्तीमा पुर्‍याउने हो ।

असहाय, दलित, जनजाति, मधेशी, अपाङ्ग, विपन्न र आफ्नो नाममा कुनै जग्गाजमिन नभएका मानिसहरू नै सुकुमवासी बस्तीमा बस्ने हुन् । हाम्रो जस्तो बिचौलिया बिगबिगी हुने समाजमा सुकुमवासीको नाममा केही टाठाबाठा र जग्गाजमिन भएकाहरूले पनि सार्वजनिक जग्गामा रजाइँ गरेको पनि यथार्थ नै हो । कतिपय सुकुमवासी बस्तीमा ठाउँको किनबेच पनि भएकै हो । सुकुमवासीको नाममा राजनीतिक दलहरूले धेरथोर राजनीति पनि गरेकै हुन् ।

त्यसैले वास्तविक सुकुमवासीको पहिचान र तिनको सही व्यवस्थापन काठमाडौँसहित देशभरका धेरै स्थानीय सरकारहरूका लागि पेचिलो मुद्दा हो । देशको संविधानले हरेक नागरिकलाई आवासको हक प्रदान गरेकाले वास्तविक सुकुमवासीहरूको व्यवस्थापन गर्नु राज्यको दायित्व हो र यो कार्य बडो सुझबुझका साथ गरिनुपर्ने हुन्छ । तर शक्तिशाली बालेन सरकारले सुकुमवासी समस्या समाधानका नाममा स्थापित विधि-प्रक्रिया नअपनाई, तयारी नगरी, पर्याप्त समय नदिई, वास्तविक र नक्कली सुकुमवासी नछुट्याई र वैकल्पिक बन्दोबस्त नगरी बलजफ्ती हतियारको नोकमा घरटहरा भत्काइरहेको छ । बालबालिका, वृद्धवृद्धा, सुत्केरी महिला, बिरामी र अपाङ्गहरूका लागि उचित बन्दोबस्त नगरी विस्थापित गराउनु असंवेदनशील मात्रै होइन, अमानवीय हो; यो मानवअधिकारको गम्भीर उल्लङ्घन हो । व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारउपर सरकारले गरेको दमन हो ।

निरीह जनताको अभिभावक बन्नुपर्ने सरकार "यी सुकुमवासी होइनन्, सबै हुकुम्बासी हुन्" भन्ने भाष्य सिर्जना गर्दै तिनैप्रति निर्मम तरिकाले प्रस्तुत हुनु भनेको राज्य आतङ्क नै हो । झन्डै दुई तिहाइ बहुमत पाएर निर्वाचित सरकारले निमुखा सुकुमवासी नागरिकप्रति गरेको मानवताविरोधी व्यवहारले हाम्रो सहिष्णु समाजको आत्मामै हानेको छ । यो कृत्यले सरकारका लागि नागरिक प्रधान कि सार्वजनिक जग्गा प्रधान भन्ने गम्भीर बहस सिर्जना गरेको छ । सुकुमवासी समस्या समाधानको यस्तो हलुका र गैरजिम्मेवार उपायले भोलि गम्भीर सामाजिक विचलन र संकट ननिम्त्याउँला भन्न सकिन्न ।

युद्धको पनि कानून हुन्छ, विधि-प्रक्रिया हुन्छन् । गम्भीर प्रकृतिको अपराधमा जन्मकैद पाएको कैदीको पनि जेलभित्रै सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरिनुपर्छ । यहाँ त सरकार स्वयं विधि-प्रक्रिया मिचेर सुकुमवासीप्रति यसरी प्रस्तुत भएको छ, मानौँ कि ऊ मान्छे नै होइन, उसलाई सम्मानपूर्वक बाँच्न पाउने हक नै छैन र उसले जघन्य अपराध गरेको छ । के विश्वलाई अहिंसा र करुणाको पाठ पढाउने बुद्धको देशले खोजेको शासन यस्तै हो? लोकतान्त्रिक राज्यको चरित्र यही हो?

**विरोधाभासी बालेन**

युनिभर्सिटी अफ क्यालिफोर्निया, बर्कलेका प्रोफेसर तथा मनोवैज्ञानिक डाचर केल्टनरले पुस्तक 'द पावर प्याराडक्सः हाउ वि गेन एन्ड लुज इन्फ्लुएन्स'मा शक्ति प्राप्त गर्न जुन मानवीय गुणहरू–जस्तै सहानुभूति, सहकार्य, उदारता र समूहको हित आवश्यक पर्दछन्, शक्ति प्राप्त गरिसकेपछि तिनै गुणहरू गुमाउँदै जान्छन् भन्ने विषयमा चर्चा गरेका छन् । मान्छेमा एउटा यस्तो विरोधाभास हुन्छ- सुरुमा असल देखिएर शक्तिमा पुग्ने, शक्तिमा पुगेपछि खराब देखिन थालिहाल्ने । प्रधानमन्त्री बालेनमा ठीक यही विरोधाभास देखिन्छ ।

'गरिबको चमेली बोलिदिने कोही छैन' गाउँदै मेयर बन्न पुग्छन्, मेयर बनिसकेपछि गरिबउपर कहर बर्साउँछन् । सडकपेटीमा व्यापार गरेर जेनतेन गुजारा गर्नेहरूउपर नगर प्रहरी निर्दयी देखिन्छ । जनतासँग दोहोरो संवाद गर्न रुचाउँदैनन् । हिजो भोट माग्दै गर्दा सुकुमवासीको व्यवस्थापन सही ढंगले गर्छु भन्ने बालेन आज पूरा राज्यसंयन्त्र परिचालन गरेर सुकुमवासीलाई आतंकित पार्दै अघि बढिरहेका छन् ।

प्रोफेसर डाचर केल्टनरका अनुसार शक्ति प्राप्त गरेपछि मानिसमा अरूको भावना बुझ्ने क्षमता ह्रास हुँदै जान्छ । उनीहरूले अरूलाई मानिसको रूपमा नभई आफ्नो लक्ष्य प्राप्त गर्ने साधनको रूपमा मात्र देख्न थाल्छन् । यो तथ्यलाई समयमै बुझेर आफूलाई जनताप्रति सहिष्णु र विनम्र नेताका रूपमा स्थापित गराउने अवसर बालेनसँग अझै छ । तर उनी आफ्नो विरोधाभासी चरित्रमै रमाउँछन् वा आफूलाई रूपान्तरण गरेर 'ज्ञानी' शासक बन्छन्, त्योचाहिँ हेर्न बाँकी नै छ ।

मृतप्रायः समाज

नेपाली समाज जीवन्त र सहिष्णु समाज थियो । तर पछिल्ला दुई घटनाले नेपाली समाजका सम्बन्धमा गम्भीर चिन्ता बढाएको छ । पहिलो घटना, कसरी नेपाली समाज भदौ २४ को ध्वंसमा संलग्न भयो भन्ने हो । नेपाली समाजमा त्यो स्तरको सार्वजनिक र व्यक्तिगत सम्पत्तिको तोडफोड र आगजनी यसअघि कहिल्यै भएको थिएन । त्यो स्तरको सम्पत्तिको तोडफोड र आगजनीमा मान्छेको संलग्नता हुनु र आफ्नै आँखाअगाडि त्यत्रो संरचनामाथि हमला हुँदा पनि हाम्रो 'कम्युनिटी डिफेन्स सिस्टम' (सामुदायिक सुरक्षा प्रणाली)ले काम नगर्नुले नेपाली समाज कता जाँदै छ भन्ने प्रश्न उठेको छ । त्यस्तै, सुकुमवासीमाथि राज्यले गरेको निर्मम व्यवहारविरुद्ध राजनीतिक दलहरू र आम सर्वसाधारणले जुन मौनता साँधेका छन्, त्यो हाम्रो बामे सर्दै गरेको लोकतन्त्रका लागि ठूलो चिन्ताको विषय हो ।

अन्त्यमा, जनताभन्दा ठूलो शासक हुँदैन, बालेनले यो कुरा हेक्का राखून् ।

# चिन्ता दमनको भन्दा अरू नै कुराको छ !



✍ जीवन क्षेत्री

चुनावअघि मैले सामाजिक सञ्जालमा लेखेको थिएँ – चुनाव जसले जितोस्, सरकार जसले बनाओस्, ऊ पूरै सफल होस् भन्ने मेरो कामना छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रचण्ड बहुमतसहित चुनाव जितेर बनाएको बालेन्द्र शाह नेतृत्वको सरकारले एक महिना पूरा गर्दा ममा केही दुविधाहरू उत्पन्न भएका छन् ।

सरकारको सफलता भनेको के हो?

यदि सरकारले आफ्नो सफलता आम नागरिकको विश्वास जित्नुमा होइन कि तिनको जीवनमाथि आफ्नो नियन्त्रण र हैकम कायम गर्नमा देख्न थाल्यो भने के हुन्छ ? पुराना दलहरूले दशकौंदेखि किनाराका मानिसहरूलाई सुरक्षित र गरिमासहितको जीविका दिन नसकेकामा नयाँ सरकारले तिनको कतृत्व (एजेन्सी) र मानवीय गरिमालाई शून्यमा झारिदियो भने?

पुराना दलले संवैधानिक विधि र थितिप्रति ओठेभक्ति मात्रै देखाएकामा नयाँ सरकारले त्यति कष्ट पनि नगरी संविधान मिच्न थाल्यो भने? शक्ति सन्तुलनका लागि स्थापित संस्थाहरूलाई निस्तेज पार्‍यो भने?

यी प्रश्न स्वभावतः चुनावअघि पनि मेरो मनमा थिए । तर त्यस बेला एमाले, कांग्रेस र माओवादीप्रति सञ्चित आम नागरिकको वितृष्णा यति गहिरो भइसकेको थियो कि, नयाँ विकल्पजस्तो देखिने बालेन-रवि (लामिछाने) सहितको रास्वपालाई सोधिने कुनै पनि प्रश्न सुन्न आम मतदाता तयार थिएनन् ।

कतिसम्म भने, मधेसमा केही मतदाताले मलाई भनेका थिए – नयाँले केही गर्छन् भन्ने ग्यारेन्टी छैन । तर लुट्ने नै रहेछन् भने पनि अब नयाँले लुटून्, पुरानाले धेरै लुटिसके, तिनलाई जसरी पनि लखेट्ने हो!

नेपाली राजनीतिमा अहिलेसम्म जति पनि व्यक्ति र दलहरू आए, तिनीहरूको सामूहिक असफलता दर्शाउने योभन्दा सटिक अभिव्यक्ति मैले अहिलेसम्म अन्त भेटेको छैन । परिणाम जे आयो, तपाईं हाम्रा सामु छ ।

सरकारले काठमाडौंमा चार वटा सुरक्षा फौजको घेरामा डोजर चलाएर बस्तीहरू उजाडिदिएपछि अहिले देशैभरि भूमिहीनहरू मात्र होइन, जमिनमाथिको स्वामित्वमा कुनै प्राविधिक वा अरू कुनै अन्योल भएकासहित लाखौं मानिस समेत त्राहिमाम भएका छन् ।

हिजोसम्म कसरी प्रगति गर्ने भन्ने चिन्तामा रहेकाहरू आज भए-बचेको सीमित सम्पत्ति शून्यमा झर्ला र आर्थिक दुर्गति होला कि भन्ने भयमा छन् ।

खास गरी हरियो बर्दीधारी सेनाको सडकमा उपस्थिति, हप्कीदप्की तथा जंगी अड्डाबाट छ्यापछ्याप्ती निस्केका धम्कीपूर्ण 'प्रेस नोट' हरूका कारण अभूतपूर्व भयको अवस्था सिर्जना भएको छ । धेरैलाई यसले जंगी शासनको झल्को समेत दिएको छ ।

चुनावका बेला धेरै मानिसले देखेका प्रगति, समृद्धि र न्यायका सपनाहरू बचेखुचेको जीविका र मानवीय गरिमा बचाउनेमा सीमित हुन थालेका छन् । खास गरी सञ्जालहरूमा अहिले सरकारको दमनकारी शैलीको आलोचना तीव्र छ । तर मलाई लाग्छ, सरकारको दमनकारी चरित्रभन्दा पनि चिन्ताजनक कुरा अर्को छ ।

एउटा राम्रो कुस्तीवाजलाई उपन्यासकारको काम दिइयो भने के होला?

नेपाली राजनीतिमा बालेन शाहको प्रवेश लगभग अचानक उपन्यास लेख्न बसेको कुशल कुस्तीवाजको जस्तो रह्यो । उनी इन्जिनियर थिए, र्‍यापरका रूपमा राम्रै कलाकार पनि थिए । तर हठात् उनी काठमाडौंको मेयर पदका लागि उम्मेदवार बने । काठमाडौंका मतदाताले उनलाई भारी मतले जिताएर मेयर बनाइदिए । नेपाल अहिले जुन अवस्थामा छ, त्यसको बीउ २०७९ सालको त्यही स्थानीय चुनावका बेला रोपिएको थियो ।

कुस्तीवाजलाई उपन्यास लेख्ने बाध्यता आइलाग्यो भने के गर्ला?

सुरूमा त ऊ लेख्न बस्छ । तर बिस्तारै उसले बोध गर्छ, कुनै साहित्यकारले जस्तो उपन्यास लेख्न उसले सक्दैन । त्यसपछि उसले नयाँ प्रयोगहरू गर्न थाल्छ र कुस्तीका नियम र सीपहरू यता प्रयोग गर्ने कोशिस गर्छ । देशको अर्थतन्त्र दशकौंदेखि शिथिल छ । व्यापार घाटा र बजेट घाटाले आकाश छोएको छ । कृषि थला परेको छ । शिक्षा बेकामे बन्ने बाटोमा छ । स्वास्थ्य क्षेत्र अस्तव्यस्त छ । उद्यमले जरा गाड्नै सकेको छैन । युवाहरूमा जुनसुकै मूल्यमा देश छाड्ने होड छ ।

पर्यटनमा एकपछि अर्का चुनौती आइरहेका छन् । इरान युद्धले सिर्जना गरेको अभाव र महँगीले सिंगो देशको ढाड सेक्ने सँघारमा छ ।

एउटै खडेरीले तहसनहस हुने कृषिमा जलवायु परिवर्तनले ल्याएको संकट दैलाभित्र पसिसकेको छ । हिमनदी रित्तिँदै गएसँगै पहाड र तराईका जलाधार अभूतपूर्व चापमा छन् । प्रदूषणले मानिसको जीवन नारकीय बनाइदिएको छ ।

यी सब समस्या बुझ्नुसम्म एउटा उम्दा उपन्यास लेख्नुसरह गम्भीर बौद्धिक कर्म हो । त्यसका लागि कुनै पनि एक व्यक्तिको मस्तिष्क काफी हुँदैन ।

हरेक क्षेत्रका विज्ञहरूसँगको गहिरो र निरन्तर संवाद र समन्वयबाट मात्रै यिनलाई बुझ्न सकिन्छ अनि वर्षौंको निरन्तर लगाव र प्रयत्नबाट मात्रै यिनको सामना गर्न सकिन्छ । तर त्यसका लागि चाहिन्छ सिक्ने र सच्चिने खुलापन र विनम्रता । दुवैको बाटो छेक्छ आत्मुग्धताले ।

पानी तालिएपछि सडकका सारा खाल्डाखुल्डी पुरिएको देखेजस्तै आत्ममुग्धतामा डुबेका शासकले पनि त्रिआयामी यथार्थलाई दुई आयाममा हेर्न थाल्छन् र उपन्यास लेखनमा कुस्तीका सीप प्रयोग गर्न थाल्छन् ।

भूमिहीनहरूलाई पहिले विस्थापित गरेर अनि व्यवस्थापनको काम सुरू गर्ने बालेन सरकारको काम उसको दमनकारी प्रवृत्तिको मात्र होइन, समस्यालाई त्यसका सबै आयाममा हेर्न र अनुभूत गर्न नसक्नुको परिणाम पनि हो ।

त्यसैले नयाँ सरकार जुन दिशामा गइरहेको छ, त्यो अवस्था आउनुमा म दोष बालेनको भन्दा बढी कुस्तीका खेलाडीलाई उपन्यास लेख्ने काम सुम्पिने मतदाताको बढी देख्छु ।

तर ती मतदाताभन्दा कैयौं गुणा बढी दोषी चाहिँ ती राजनीतिक पार्टीका नेताहरू हुन् जसले उपन्यास लेख्ने साविकको काम यति झुर गरे कि, मानिसहरूले 'यिनले भन्दा त बरू कुस्तीवाजले राम्रो लेख्ला' भन्ने मनोविज्ञान विकास गरे ।

संस्थाहरूलाई तिनले यति थेत्तेरो बनाए कि, मानिसहरूमा कुनै नायकले बरू चमत्कार गरेर भविष्य बनाइदिन्छ कि भन्ने आशा पलायो । एउटा कुशल कुस्तीवाजझैं बालेन धेरै बोल्दैनन्, प्रश्नहरूको जबावाफ लाठी वा डोजरको प्रहारले दिन्छन् । उति मानिस भेट्दैनन् । कुरा सुन्दैनन् ।

उनलाई आफ्नो द्विआयामी विश्वदृष्टिमा यति भर छ कि त्रिआयामी यथार्थ छ भनेर तर्क गर्नेहरूसँत उनी बहस समेत गर्दैनन् । उनको द्विआयामी यथार्थमा 'मिचाहा' र 'अतिक्रमणकारी' मानिसहरू छन् तर इतिहासभरि ठगिएका, पेलिएका किनाराकृत नागरिक छैनन् । चिल्ला सडक छन् तर सफा हावा छैन । पार्किङरहित खुला सडक छन् तर भरपर्दो सार्वजनिक यातायात छैन । जमिनमाथिको मन्दिरमा तीर्थयात्री बढाउने मुद्दा छ तर जमिनमुनिको जलाधार बचाएर मरूभूमीकरण रोक्ने मुद्दा छैन ।

नागरिकको जीविका खोसेर तिनलाई होटलमा थुनेर दालभात खुवाउनेसम्म कल्पनाशीलता छ, तर त्यसका लागि आर्थिक संशाधन जुटाउने योजना छैन । सहरको रूप कस्तो भयो भन्ने चिन्ता छ, तर महँगीका कारण नागरिकका चुह्ला बल्न बन्द त भएनन् भन्ने चिन्ता छैन । अनि दलित समुदायसँग माफी माग्ने विनयशीलता छ तर त्यही समुदायका मानिसहरूलाई डोजरले लखेटेर विस्थापित गरेपछि गरिमा सहितको जीवन दिनुपर्छ भन्ने बोधसम्म छैन ।

बालेन पदमा रहून् वा नरहून्, उनको दल रास्वपाले त्रिआयामी यथार्थलाई त्यही रूपमा हेरेर यहाँका समस्याहरूको वास्तविक समाधान खोज्ने बाटोमा लागेन भने त्यो पार्टी, नेपाली समाज र देश सबै दुर्घटनातिर डोहोरिने निश्चित छ ।

# लिपुलेक विवाद कायमै

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ वैशाख




लिपुलेक, कालापानी, लिम्पियाधुरालगायत क्षेत्रलाई लिएर नेपाल-भारतबिच पटक-पटक विवाद उत्पन्न भएका थिए। तर त्यसको स्थायी समाधान अझै हुन सकेको छैन। विगतमा लिपुलेकलाई लिएर भारतले कुनै निर्णय गर्दा त्यसप्रति नेपालले सामान्य प्रेस नोट सार्वजनिक गरेर वा कूटनीतिक नोट पठाएर विवाद सामसुम पार्ने काम मात्र भइरहन्थे, त्यसभन्दा समाधानको कुनै काम र ठोस उपलब्धि भएका छैनन्।

यसपटक पनि त्यस्तै भयो। भारत र चीनले कैलाश मानसरोवर यात्राका लागि लिपुलेकको बाटो प्रयोग गर्ने सम्झौता गरेपछि परराष्ट्र मन्त्रालयले एउटा प्रेसनोट सार्वजनिक गरेको छ, जसमा आपत्ति जनाइएको छ। भारत-चीनबिच लिपुलेकका विषयमा पटक-पटक सम्झौता भएका छन्। तर जतिपटक सम्झौता भए, नेपालले यसैगरी विरोध गरिरहेको छ, समाधान अझै निस्केको छैन।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ भन्छन्, 'अब यो विज्ञप्ति जारी गरेर गरेर सीमा विवाद समाधान हुँदैन, यसका लागि उच्च तहमै वार्ता गरेर चाँडो समाधान निकाल्नुपर्छ नत्र कुनै दिन यसले नसम्हाल्ने गरी भयावह रूप लिन सक्छ।' दुई देशबिचको सीमा विवाद अहिले मात्र भएको होइन, ७२-७३ वर्षदेखि भारत-चीनले नेपालको भूमिलाई लिएर पटक-पटक सम्झौता गर्दै आएका छन्। नेपालले धेरैपछि मात्र त्यसको विरोध सुरु गरेको देखिएको श्रेष्ठ बताउँछन्।अब समाधानतिर जानुपर्छ, भारतले वार्ताबाट समाधान खोजौँ भनेको छ, पटक-पटक भनिरहँदा वार्ता किन भइरहेको छैन त,' श्रेष्ठ थप्छन्, 'नेपालले हो कि भारतले चासो नलिएको हो ? अब नेपालले सबै काम छाडेर यसको समाधानतिर लाग्नु पर्छ।' श्रेष्ठ यसलाई त्रिपक्षीय विवाद भएको बताए। जबसम्म नेपालले त्रिपक्षीय बिन्दु स्थापना गर्न सक्दैन तबसम्म विवाद समाधान हुँदैन,' उनको तर्क छ, 'तीनटै देश मिल्ने ठाउँमा गएर विवाद समाधानतिर लाग्नुपर्छ। लिपुलेकलाई भारत र चीन दुवैले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न खोजिरहेका दाबी गर्दै श्रेष्ठले त्यसमा नेपालले चासो लिनु स्वाभाविक भएको बताए। तर चासो ठोस रूपमा नपुगेको उनको भनाइ छ।

**नेपाल–भारतबिच भएन छलफल**

लिपुलेक, कालापानी, लिम्पियाधुरालगायत क्षेत्रको सीमा विवाद सुल्झाउन नेपाल-भारतले विभिन्न समिति तथा आयोग नबनाएका पनि होइनन्, तर ती गठनमै सीमित भएका छन्। गठन भएपछि परिचयात्मक बैठक भने एकपटक बसेको थियो। तर त्यसपछि भने त्यस्तो बैठक कहिल्यै बस्न नसकेको परराष्ट्र मन्त्रालयका एक पूर्वसचिव बताउँछन्। 'बैठक आह्वान भए पनि कहिले नेपालले तयारी नपुगेको टारिदिने त कहिले भारतले टार्ने भइरह्यो,' ती पूर्वसचिवले भने, ' त्यसले गर्दा यो विवाद यति लम्बिएको हो।'

विभिन्न समयमा भारत र चीनबिच नेपाली भूमिलाई लिएर सम्झौता हुँदा नेपालमा विरोध भइरहने गरेको छ। २०७१ सालमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउँदा दुई देशबिचको सीमा समस्या सुल्झाउने सहमति भएको थियो। त्यसबेला तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डे र भारतका तत्कालीन समकक्षी सुष्मा स्वराज रहेको संयुक्त आयोगले सीमा विवादसम्बन्धी प्राविधिक काम गर्न सीमा कार्यदललाई जिम्मा दिएको थियो। उक्त कार्यदलको पटक-पटक बैठक बस्यो, तर कालापानी, लिपुलेक, लिम्पियाधुराबारे कहिल्यै छलफल नभएको परराष्ट्र मन्त्रालयका अर्का एक अधिकारी बताउँछन्।

अहिले पनि नेपाल-भारत सीमा समस्यालाई लिएर दुई देशबिच बनेका कार्यदलका बैठक पटक-पटक हुने गर्छन्, तर लिपुलेकको विषयमा चर्चा नै नहुने गरेका ती अधिकारी बताउँछन्।

गत भदौमा भारत-चीनले लिपुलेक सीमा हुँदै व्यापार गर्ने सम्झौता गरेका थिए। नेपालले त्यसमा आपत्ति जनाएको थियो। त्यो आपत्तिपछि भारतले प्रतिक्रिया दिएर नेपालको भनाइलाई असान्दर्भिक भनेको थियो। र अहिले पनि परराष्ट्र मन्त्रालयले जारी गरेको कूटनीतिक नोटलाई भारतले त्यस्तै ठानेको छ/भनेको छ।

# भृकुटी कागज कारखानाका श्रमिकले मागे ४० करोडको वक्यौता



काँक्रेविहार संवाददाता
काठमाडौं, २१ वैशाख

भृकुटी कागज कारखानामा कार्यरत ३३३ जना श्रमिकहरूको वक्यौता पारिश्रमिक माग्दै सफा सुन्दर हरियाली गैँडाकोट निरन्तर शनिबार अभियानले प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्।

प्रधानमन्त्री वालेन्द्र शाहलाई सम्बोधन गर्दै श्रमिकहरूको करिब ४० करोड भुक्तानी तत्काल गरिदिन मागपत्र बुझाएका हुन्।

नवलपुरको गैँडाकोटमा रहेको उक्त उद्योग २०६७ देखि पूर्ण रूपमा बन्द छ। लामो समयदेखि पारिश्रमिक नपाउँदा पाउने आशामा कति श्रमिकको मृत्यु समेत भइसकेको मागपत्रमा उल्लेख छ।

उनीहरूले गैँडाकोट नगरपालिकामा अवस्थित ६० बिघा जग्गालाई यथाशीघ्र व्यवस्थापन गरी कृषि, उद्योग वा नमुना व्यवस्थित बजारका रूपमा विकास गर्ने स्पष्ट योजना बनाई कार्यान्वयन गर्नसमेत माग गरेका छन्।

५ दिनभित्र आफ्नो माग सम्बोधन नगरे आन्दोलनको कार्यक्रम अगाडि बढाउने चेतावनी दिएका छन्।

अभियानका संयोजक गणेश सापकोटाले भृकुटी कागज कारखानाबारे प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रअनुसार कदम नचालिए आन्दोलनमा उत्रिन बाध्य हुने बताए।

उनले भृकुटी कागज कारखानाको जग्गालाई शीघ्र व्यवस्थापन गर्नसके गैडाकोटको मात्रै नभएर मुलुककै विकासमा टेवा पुग्ने उल्लेख गरे।

# तिलाको डुङ्ग्री गाउँमा न सडक पुग्यो, न विजुली

काँक्रेविहार संवाददाता
जुम्ला, २१ वैशाख

तिला गाउँपालिका - ५ डुङ्ग्री गाउँ अझै पनि अन्धकारमै छ। एउटै वडाभित्रका चुलाकोट, खोलिगाउँ र ढिम्कोटमा झण्डै एक वर्षअघि नै विद्युतले उज्यालिए पनि सोही वडाको डुङ्ग्री गाउँमा भने अहिलेसम्म बत्ती बल्न सकेको छैन।

गाउँसम्म विद्युतका पोल विस्तार गरिएको पनि एक वर्षभन्दा बढी भयो। तर लाइन जडान नहुँदा स्थानीयवासी निरासामा परेका छन्।

विद्युत् जस्तो आधारभूत सेवाबाट वञ्चित हुँदा यहाँका बासिन्दा अझै झरो र टुकीको भरमा दैनिक जीवन चलाइरहेका छन्। साँझ पर्नासाथ गाउँ पूरै अन्धकारमा डुब्ने गर्दछ। जसले विशेषगरी बालबालिकाको पढाइ-लेखाइमा गम्भीर असर पारेको छ।

अँध्यारोमै बस्नुपर्दा उज्यालोको अनुभूति गर्न पाएका छैनौं, साँझ किन पर्छ जस्तो लाग्छ," एक स्थानीयले गुनासो गरेका छन्। उनले थपे, "हाम्रो जिन्दगी त अन्धकारमै बित्यो, अब नानीबाबुको भविष्य पनि अन्धकारमै सीमित हुने हो कि भन्ने चिन्ता लाग्छ।

डुङ्ग्री गाउँ भौगोलिक रूपमा निकै विकट र टाढा क्षेत्रमा पर्ने भएकाले यहाँ उत्पादन हुने रैथाने बालीहरू–फापर, सिमी, गहुँ, मकै, जौ, कोदो, चिनो, कागुनो, भटमासलगायत– बालीहरु उत्पादन हुदा पनि उचित बजारीकरण हुन सकेको भने छैन।

उत्पादन भए पनि बजारसम्म पुऱ्याउने सहज बाटो नहुँदा किसानहरू आर्थिक रूपमा पछाडि परेका छन्। सडक सञ्जालको अभावका कारण सामान्य सेवा-सुविधा लिनसमेत स्थानीयलाई घण्टौँ उकालो-ओरालो हिँड्नुपर्ने बाध्यता छ।

वडा कार्यालय चुलाकोट गाउँमा छ। त्यहाँ पुग्न चार-पाँच घण्टा लाग्छ, अर्का एक स्थानीयले भने, "गाउँपालिका पुग्न त पैदलै दिनभर लाग्छ। बिरामी पर्दा, काम पर्दा, सबै कुरामा निकै दुःख हुन्छ।" उनका अनुसार यातायात, स्वास्थ्य, शिक्षा र सञ्चारजस्ता आधारभूत सेवाको अभावले डुङ्ग्रीबासीको दैनिकी झन् कष्टकर बनेको छ।

स्थानीयका अनुसार विद्युतका पोल गाडिएपछि छिट्टै बत्ती बल्ने आशा गरिएको थियो, तर लामो समय बित्दा पनि काम अघि नबढ्दा उनीहरू निराश छन्। सम्बन्धित निकायसँग पटक-पटक आग्रह गर्दा पनि ठोस पहल नभएको गुनासो उनीहरूको छ।

वर्षौंदेखि आधारभूत पूर्वाधारबाट वञ्चित डुङ्ग्री गाउँका बासिन्दाले अब भने ढिलाइ नगरी विद्युत् सेवा सञ्चालन गर्न, सडक विस्तार गर्न र उत्पादनको बजारीकरणका लागि पहल गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। उनीहरूको एउटै प्रश्न छ– अझै कति समयसम्म अन्धकारमै बस्नुपर्ने हो

# स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्न बिचौलिया र स्वार्थ समूहलाई रास्वपाको ढोका बन्द !

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ वैशाख




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी स्थानीय तह निर्वाचनमा स्वार्थ, पहुँच र सेटिङको आधारमा टिकट लिने व्यवस्था अन्त्य गरेको छ। आइतबार बसेको पार्टीको सचिवालय बैठकले रास्वपाको तर्फबाट उम्मेदवार हुन चाहने पार्टी सदस्यहरूले क्यान्डिडेट क्लब र लिडरशीप एकेडेमीबाट उत्तीर्ण हुनैपर्ने बाध्यकारी व्यवस्था अनुमोदन गरेपछि स्वार्थ, पहुँच र सेटिङबाट टिकट लिने अवस्था अन्त्य भएको छ।

सहमहामन्त्री विपिन कुमार आचार्यको संयोजकत्वमा बनेको समितिले पेस गरेको 'स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोट रूपरेखा, २०८३' सम्बन्धी मस्यौदालाई बैठकले अनुमोदन गरेको थियो। प्रवक्ता मनिष झाले स्वार्थ र सेटिङको आधारमा टिकट बाँड्ने अवस्था खारेज भएको बताए। झाले रास्वपाबाट स्थानीय तहका उम्मेदवार बन्न इच्छुक कुनै पनि पार्टी सदस्यले पार्टीको क्यान्डिडेट क्लबमा आवेदन दिनुपर्ने स्पष्ट पारे।

'स्वार्थ र सेटिङको आधारमा टिकट बाँड्ने प्रवृत्ति खारेज भएको छ। रास्वपाबाट स्थानीय तहका उम्मेदवार बन्न इच्छुक कुनै पनि सदस्यले सर्वप्रथम पार्टीको क्यान्डिडेट क्लबमा औपचारिक रूपमा आवेदन दिनुपर्ने छ', सामाजिक सञ्जाल फेसबुकमा उनले लेखेका छन्। उम्मेदवार बन्नका लागि आवश्यक प्रशिक्षणसहित लिडरशीप एकेडेमीबाट २५ प्राप्ताङ्कमा पास हुनुपर्ने झाले बताएका छन्। त्यसपछि पोलिटिकल प्रोक्समेटी अर्थात् पार्टीप्रतिको लगाव, राजनीतिक आवद्धता आदिको मूल्याङ्कनमा २५ प्राप्ताङ्कमा पास गर्नुपर्ने, प्रारम्भिक निर्वाचनमा ४० प्राप्ताङ्कमा मत प्राप्त गर्नुपर्ने, समावेशीताका आधारमा १० प्राप्ताङ्क पाउन सकिएपछि मात्र उत्कृष्ट उम्मेदवारलाई टिकट दिइने झाले स्पष्ट पारे।

उम्मेदवार छनोट रुपरेखा पृष्ठ १२ मा उम्मेदवार परीक्षण तथा छनोटका आधार व्यवस्था गरिएको छ। निर्वाचनमा पार्टीको प्रतिनिधित्वलाई तथ्यमा आधारित, पारदर्शी र वैज्ञानिक बनाउन उम्मेदवार छनोटका मापदण्डहरू पूर्णतः स्पष्ट र मापनयोग्य बनाउन आवश्यक रहेको उल्लेख छ। छनोट प्रक्रियालाई थप व्यवस्थित र उत्तरदायी बनाउन केन्द्रीय समितिद्वारा अनुमोदित विशेष परिस्थितिमा बाहेक चार वटा मूल मापदण्डलाई अनिवार्य गरिएको छ। उम्मेदवार छनोटका अपरिहार्य मार्गनिर्देशक सिद्धान्त अनिवार्य शर्तको रूपमा लिडरशीप एकेडेमी, पोलिटिकल प्रोक्सिमेटी, समावेशीता र प्रारम्भिक निर्वाचन राखिएको छ। रास्वपाले पार्टी स्थापनाकालमै अर्थात् २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार छनोटका लागि प्रारम्भिक निर्वाचन मापदण्ड बनाएको थियो। यद्यपि यी चार वटै शर्त गत फागुनमा भएको निर्वाचनमा रास्वपाले अवलम्बन गरे पनि अन्त्यमा कार्यान्वयन भएन। तर संयोजक आचार्यले जेनजी आन्दोलनपछि विशेष परिस्थितिमा निर्वाचन भएकाले उम्मेदवार छनोट रुपरेखा लागु हुन नसकेको जिकिर गरे।

'फागुनमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक र प्रत्यक्षतर्फ फरक फरक विधि बन्यो। समानुपातिकतर्फ यो विधिलाई अवलम्बन्न गरियो तर अन्तिममा प्रभावित भयो। प्रत्यक्षतर्फ विधि नै प्रयोग भएन। २०८२ को परि स्थिति नै विशेष थियो। आगामी दिनमा विधि नै प्रयोग नहुने भन्ने हुँदैन। योपटक शतप्रतिशत लागु हुन्छ भन्ने विश्वासमा आधारित भएर विधि बनाइएको छ,' आचार्यले भने।

वैज्ञानिक विधि, पद्धतिलाई आधार बनाएर उम्मेदवार छनोट रुपरेखा बनाएकाले पार्टीले कडाइका साथ लागु गर्ने उनले स्पष्ट पारे।आचार्यले भने, 'पावर, पहुँच, भनसुन, सेटिङ र स्वार्थको आधारमा पार्टी चल्न सक्दैन। यदि त्यस्तो हुने हो भने पुराना पार्टी र हामीमा के फरक भयो ? स्थानीय तह निर्वाचनमा उम्मेदवार छनोट पार्टीको विधि, विधान अनुसार पारदर्शी हुन्छ।' अघिल्लो निर्वाचनमा प्रारम्भिक निर्वाचनतर्फ ५० प्रतिशत अङ्कभार घटाएर ४० प्रतिशत बनाइएको छ। जसअनुसार लिडरशीप एकेडेमी र पोल्टिकल प्रोक्सिमेटीमा २५/२५ प्रतिशत र समावेशीमा १० प्रतिशत अङ्कभार राखिएको छ।

# स्थानीय सिमी खरिदले हुम्लाका किसान उत्साहित

काँक्रेविहार संवाददाता
सुर्खेत, २१ वैशाख

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हुम्ला शाखाले चालू आर्थिक वर्षमा सर्केगाड गाउँपालिकाबाट ४३ लाख १४ हजार ६ सय रुपैयाँ बराबरको २३ हजार ९ सय ७० किलो स्थानीय रैथाने बाली सिमी खरिद गरेको सर्केगाड गाउँपालिकाका अध्यक्ष ठान बहनदुर रोकायाले बताएका छन्।

खाद्यय व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड हुम्ला शाखाका अनुसार उक्त खरिदले स्थानीय किसानहरूलाई आफ्नै उत्पादन उचित मूल्यमा बिक्री गर्ने अवसर प्रदान गरेको छ।

यसबाट किसानहरू उत्साहित भएका छन् भने स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन मिलेको खाद्यय व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड हुम्लाका प्रमुख कृष्ण थापा मगरले जानकारी दिएका छन्।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, सिमकोट शाखाले चालू आर्थिक वर्षमा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै ठूलो परिमाणमा सिमी खरिद गरेको छ। शाखाले ४३ लाख १४ हजार रुपैयाँभन्दा बढी मूल्य बराबरको २३ हजार ९७० किलो स्थानीय सिमी खरिद गरी बिक्रीका लागि सुर्खेत पठाएको जनाएको छ।

हुम्ला शाखा कार्यालयले दिएको जानकारी अनुसार यसै आर्थिक वर्षभित्र हुम्ला जिल्लाका नाम्खा, सिमकोट, खार्पुनाथ र सर्केगाड गाउँपालिकाबाट समेत स्थानीय रैथाने बाली खरिद गर्ने योजना रहेको जानकारी दिएको छ। यस कार्यक्रमले जिल्लाभरका किसानलाई राहत पुग्ने अपेक्षा गरिएको छ।

स्थानीय उत्पादनको संरक्षण र बाँकी पृष्ठ ४

# भूकम्प प्रभावित छात्रालाई छात्रवृत्ति विवतरण

काँक्रेविहार संवाददाता
सुर्खेत, २१ वैशाख

श्रीज्योति फाउन्डोसनले भूकम्प प्रभावित जिल्लाका १५ जना छात्रालाई छात्रवृत्ति वितरण गरेको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) को सहकार्यमा रुकुम पश्चिम र जाजरकोटका छात्रालाइ तेस्रो पटक छात्रवृत्ति वितरण गरेको हो।

भूकम्पलगत्तै सुर्खेतमा सांगीतिक कार्यक्रम गरेर जम्मा भएको रकमबाट फाउन्डेसनले छात्रवृत्ति वितरण सुरु गरेको थियो। १५ जना छात्राबाट छात्रवृत्ति वितरण कार्यक्रम सुरु गरेको फाउन्डेसनले हाल कर्णालीका १० वटै जिल्लाका ३० जना छात्राहरुलाई कक्षा १० सम्म छात्रबृत्ति वितरण सुरु गरेको छ। फाउण्डेसनका अध्यक्ष ज्योति कटुवालले छात्रवृत्ति वितरण कार्यक्रमलाई आगामी वर्षहरुमा बढाउँदै लिने जानकारी दिइन्। सुरुमा १५ वटा छात्राहरुलाई छात्रवृत्ति वितरण गरेका थियौं, तर अहिले १० वटै जिल्लाका ३० जना पुगेका छन्, उनले भनिन्, 'यसलाई आगामी वर्षहरुमा बढाउँदै लिने योजनामा छौं।' फाउन्डेसनले एक वर्षका लागि पुग्ने स्टेशनरी, झोला र स्कुल पोशाकहरु वितरण गर्ने गर्छ। कार्यक्रममा भेरी त्रिवेणी माविका प्रधानाध्यापक प्रेमबहादुर पुनले भूकम्पका कारण घरबार विहिन भएका, अभिभावक गुमाएका जेहेन्दार छात्राहरुका लागि छात्रवृत्ति कार्यक्रम अत्यन्तै प्रभावकारी भएको बताए। उनले स्कुल पोशाक किन्न नसक्ने, आफ्ना छोरीहरुका लागि किताव कलम किन्न नसक्नेहरुका लागि यो कार्यक्रमले महत्वपूर्ण प्रभाव पारेको बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णराज विश्वकर्माले विपन्न र जेहेन्दार छात्राहरुलाई विद्यालयमा टिकाइराख्न छात्रवृत्ति कार्यक्रम प्रभावकारी भएको बताए। उनले यो कार्यक्रमलाई अझ विस्तार गर्न सुझाव दिए।जनज्योति आधारभूत विद्यालय रुकुम पश्चिमका शिक्षिका सुनिता देवकोटाले विपन्न परिवारका बालिकाहरुलाई शिक्षा प्रदान गर्न र विद्यालयमा नियमित आउने वातावरण बनाउन छात्रवृत्ति कार्यक्रम प्रभावकारी भएको बताइन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# प्रदेश सरकारका सेवा अब आफ्नै प्रशासनिक भवनबाट सुरु



❐ काँक्रेविहार संवाददाता
बुटवल, २१ वैशाख

लुम्बिनी प्रदेश सरकारले आफ्नै नवनिर्मित प्रशासनिक भवनबाट आफ्नो सेवा सुरु गरेको छ। संघीयता कार्यान्वयनमा आएपछि तोकिएका सात प्रदेशमध्ये लुम्बिनीले 'भर्जिन ल्यान्ड'मा क्षमताको हिसाबले भव्य राजधानी निर्माण गरी सेवा सुरु गरेको हो। राप्ती गाउँपालिका- ३ स्थित मण्डलाकार प्रशासनिक केन्द्रमा मन्त्रालय, निर्देशनालय तथा अन्य विभागहरूले एकै परिसरमा बनेका छन्। मुख्यमन्त्री चेतनारायण आचार्यले सोमबार पूजा आराधना गरेर नयाँ प्रशासनिक केन्द्रबाट दैनिक कामकाजको शुभारम्भ गरे। प्रदेशसभाको दोस्रो कार्यकालको सुरुवातमा तत्कालीन मुख्यमन्त्री लीला गिरीले ३ फागुन २०७९ मा भवन निर्माणको शिलान्यास गरेका थिए।

उद्घाटन समारोहमा बोल्दै मुख्यमन्त्री आचार्यले संघीयताको सुदृढीकरणका लागि प्रदेश तहलाई बलियो बनाउने लक्ष्यसहित प्रशासनिक केन्द्र निर्माण गरिएको बताउँदै प्रदेशवासीका लागि गौरवको विषय भएको उल्लेख गरे। 'सात प्रदेशमध्ये लुम्बिनी प्रदेश राजधानी निर्माण, नामकरण र प्रशासनिक केन्द्र निर्माणमा सफल भएको छ। यसले प्रदेशलाई थप उचाइमा पुर्‍याएको छ,' मुख्यमन्त्री आचार्यले भने। समयमै आयोजना सम्पन्न गर्न सफल हुनु प्रदेश सरकारको महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ छ। भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले प्रदेश सरकारले आफ्नै लगानीमा निर्माण गरेको भवनमा सबै मन्त्रालय सारिएको जानकारी दिँदै यसलाई अन्य प्रदेशका लागि सिकाइको उदाहरण भएको बताए। यसअघि स्वास्थ्य मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय तथा उद्योग, पर्यटन तथा यातायात मन्त्रालय अलग-अलग स्थानबाट सञ्चालन हुँदै आएका थिए। अब ती सबै मन्त्रालय पनि यही परिसरबाट सञ्चालन हुने प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी दिए। उनका अनुसार नयाँ भवनबाट सेवा सुरु हुनु संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण उपलब्धि हो।

काठमाडौंस्थित शर्मा-सगुन जेभीले निर्माण सम्पन्न गरेको उक्त प्रशासनिक केन्द्रका लागि प्रदेश सरकारले २८ मंसिर २०७९ मा ठेक्का सम्झौता गरेको थियो। सोही वर्ष ३ फागुनमा स्थापना दिवसको अवसर पारेर शिलान्यास गरिएको थियो। प्रदेश राजधानी कार्यान्वयन एकाइका निमित्त प्रमुख इन्जिनियर प्रदीप भट्टराईका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १० वटा मन्त्रालय भवन निर्माण सम्पन्न भएको छ। ३ अर्ब ९ करोड २९ लाख ३८ हजार ७२ रुपैयाँ लागतमा निर्माण गरिएको प्रशासनिक केन्द्र १७ बिघा १९ कट्ठा ४ धुर क्षेत्रफलमा फैलिएको छ।

# उपभोक्ता समितिको नाममा 'डोजरे विकास' बन्द



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २१ वैशाख

सरकारले उपभोक्ता समिति वा लाभग्राही समूहका नाममा हुने बेथिति र विकास बजेटको दुरुपयोग रोक्न सार्वजनिक खरिद ऐनमा कडा व्यवस्था गरेको छ।

सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ मार्फत उपभोक्ता समितिले गर्ने कामको दायरा र सर्तहरूलाई संकुचित पार्दै वास्तविक जनसहभागितालाई जोड दिइएको छ।

विगतमा उपभोक्ता समितिका नाममा ठेकेदारले काम गर्ने र डोजरे विकासले बजेट सिध्याउने प्रवृत्ति बढेको जनगुनासो आएपछि सरकारले ऐनको दफा ४४ मा व्यापक फेरबदल गरेको हो।

संशोधित ऐनअनुसार अब उपभोक्ता समिति वा लाभग्राही समूहबाट निर्माण कार्य गराउन निम्न ५ वटा सर्तहरू पुरा हुनैपर्ने छ।

१. जटिल प्रविधि आवश्यक नपर्नेः अबदेखि मेसिनरी उपकरण वा जटिल इन्जिनियरिङ प्रविधि चाहिने ठुला कामहरू उपभोक्ता समितिलाई दिन पाइने छैन।
२. मितव्ययिता र दिगोपनः काम गराउँदा खर्च कम हुने, गुणस्तरीय हुने र त्यो परियोजना दिगो हुने सुनिश्चितता हुनुपर्नेछ।
३. स्थानीय श्रम र सीपको प्रयोगः उपभोक्ता समितिले गर्ने काममा अनिवार्य रूपमा स्थानीय स्रोत, साधन, श्रम र सीपको प्रयोग गर्नुपर्नेछ। यसले बाहिरबाट ठेकेदार वा कामदार ल्याउने परम्परालाई निरुत्साहित गरेको छ।
४. स्थानीय स्तरमा रोजगारी सिर्जनाः निर्माण कार्यको मुख्य उद्देश्य नै स्थानीय तहमा रोजगारीको अवसर सिर्जना गर्ने र समुदायलाई विकासमा सहभागी गराउने हुनुपर्नेछ।
५. मर्मत सम्भारको जिम्माः निर्माण सम्पन्न भएपछि उक्त आयोजनाको मर्मत सम्भार र सञ्चालन सोही उपभोक्ता समिति वा लाभग्राही समूहले गर्न सक्ने प्रकृतिको हुनुपर्नेछ।

यस्तै ऐनको नयाँ व्यवस्थाले उपभोक्ता समिति वा लाभग्राही समूहलाई केवल निर्माणमा मात्र सीमित नराखी उनीहरूको क्षमता विकासमा पनि जोड दिएको छ।

निर्माण कार्यका क्रममा रोजगारी सिर्जना गर्न तालिम केन्द्र, लघु उद्यम वा साना व्यवसाय स्थापना र सञ्चालन गर्न सकिने प्रावधान राखिएको छ। यसले गर्दा विकास निर्माणसँगै स्थानीयको आर्थिक अवस्था सुधारमा पनि मद्दत पुग्ने सरकारको विश्वास छ।


## काठ लिलाम बिक्री सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०१/२२ गते*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि र सि ग्रेडको गोस १, ८,५,२, १० र ७ गोलियाको १०.९४, ८५.२६, ४२.७६, २१.६९, ९९.४२, २६.३८ क्युफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरि राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघरसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
**देवस्थान सामुदायिक वन उपभोक्ता समूह**
पञ्चपुरी न.पा.-१, सुर्खेत


# हावाहुरीले दर्जन घर तथा सार्वजनिक संरचनामा क्षति

❐ काँक्रेविहार संवाददाता
सल्यान, २१ वैशाख

सल्यानमा हावाहुरीले दर्जन बढी निजी घर तथा सार्वजनिक संरचनामा क्षति पुगेको छ। प्रहरीका अनुसार आइतबार साँझ चलेको हावाहुरीले जिल्लाका विभिन्न ठाउँमा मानिसको घर गोठ तथा सार्वजनिक संरचनामा क्षति गर्दा लाखौं नोक्सानी भएको छ।

हावाहुरीले छत्रेश्वरी गाउँपालिका ४ जयचौर स्थित कोर्बाङ स्वास्थ्य चौकीको प्रशासनिक भवन, कालिमाटी गाउँपालिका ५ अमारेदमरका गणेश डाँगीको घर, शारदा नगरपालिका १३ साझखर्ककी तारी रोकाको घर नजिकै रहेको रुख ढल्दा दुई तले घर र टहरामा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ।



यस्तै शारदा नगरपालिका १ सुकेखोलाकी गिता केसी, शारदा नगरपाकिला १४ की विष्णु कुमारी बुढाथोकीले घर, सल्यान जिल्ला अस्पतालको इमर्जेन्सी वाडको डाक्टर बस्ने काउन्टर, बागचौर नगरपालिका २ खरिबोट ५५ वर्षीय नन्दलाल वली बागचौर नगरपालिका २ लस्तम का ४३ वर्षीय निमराज डाँगीको घरको जस्तापाता उडाएको जिल्ला प्रहरी कार्यालय सल्यानको सञ्चार शाखाले जनाएको छ।

यस्तै शारदा नगरपालिका १३ सल्लेरीका ४३ वर्षीय छविलाल रावतको घर, बनगाड कुपिण्डे नगरपालिका ५ स्थित त्रिभुवन माध्यमिक विद्यालयको भवन, शोही स्कुलको बाली विज्ञान समूहको प्रयोगातक टर्नेन र त्रिपाल, बनगाड कुपिण्डे नगरपालिका ५ चिउराका राजकुमार पुन र नन्दलाल रानाको घरको जस्तापाता उडाइ क्षति पुगेको जनाएको छ।

पानी परि रहेको र क्षति विवरण संकलन भइरहेकाले क्षतिको संख्या बढ्न सक्ने प्रहरीको भनाई छ।

## स्थानीय...

बजारीकरणका लागि यस्तो पहल महत्वपूर्ण हुने सरोकारवालाहरूले बताएका छन् स्थानिय स्तरमै उत्पादीत सिमी संस्थानले गर्न थालेपछि जिल्लाका किसानहरु उत्साहित भएका छन्। यता सदरमुकाम सिमकोट राष्ट्रिय सडक संञ्जालसँग जोडिएपछि बजारमा अन्य खाद्यन्न सहज रुपमा उपलब्ध हुन थालेका छ।

स्थानीय उत्पादनको बजारीकरणमा संस्थानले खेलेको भूमिकाले किसानलाई राहत पुगेको छ भने आगामी दिनमा अन्य कृषि उपजको पनि खरिद विस्तार गर्ने योजना रहेको कार्यालयले जनाएको छ। हाल कार्यालयसँग ७ हजार ८० क्वीन्टल चामल, ११ हजार ४ सय १२ केजी, २ हजार ७ सय १८ लिटर मौज्दात रहेको छ। कार्यालय प्रमुख कृष्ण थापा मगरका अनुसार, सडक पहुँच विस्तार भएसँगै निजी क्षेत्रबाट पनि खाद्यान्न आपूर्ति बढेकाले संस्थानको चामल बिक्रीमा कमी आएको हो।


## कम्पनी खारेजीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/१/२२**

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं, नेपालमा मिति २०७७-११-२५ मा दर्ता भएको **प्रा.लि.नं. २५८३५३** को **प्रेम चन्द्र निर्माण परामर्श सेवा एण्ड सप्लायर्स** नामक कम्पनी यस कार्यालयको मिति २०८३-०१-२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)